# नेपाल खानेपानी संस्थानको पदपूर्ति प्रकृया सम्बन्धी जानकारी

नेपाल खानेपानी संस्थानमा रिक्त रहेको पदपूर्ति गर्ने सम्बन्धमा मिति २०६६।८।२१ मा मूल्याङ्कन बढुवाबाट तथा मिति २०६६।८।२५ मा सीमित, आन्तरिक एवं समावेशी सहितको खुल्ला विज्ञापनबाट पदपूर्ति गर्न राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा सुचना प्रकाशित गरी काम कार्वाही अघि बढेको थियो । विज्ञापन भएका विभिन्न पदहरु मध्ये वर्तमान सम्म मूल्याङ्कन बढुवाबाट पूर्ति हुने विभिन्न ५ वटा पदहरुको नतिजा प्रकाशित नभएको अवस्था छ भने २०६६।८।२५ को विज्ञापनबाट हुने पदपूर्तिहरु मध्ये केहीले नियुक्ति पाईसकेको, केहीको लिखित परीक्षाको नतिजा प्रकाशित भएको, केहीको लिखित परीक्षा मात्र सम्पन्न भएको र केहीको अन्तर्वार्ता भएर रहेको अवस्था छ । विज्ञापन भए पश्चात् विभिन्न समयमा विभिन्न गतिविधिहरुले गर्दा सबै विज्ञापनहरुको अन्तिम नतिजामा पुग्न नसकेको देखियो । विभिन्न समयमा संस्थानको मानव श्रोत संगठन तालिका परिवर्तित हुँदै गएको साथै विज्ञापन पश्चात् संस्थानको कार्य क्षेत्र भित्र रहेको हेटौंडा नगरपालिका एवं भरतपुर नगरपालिका समेत नेपाल सरकारको निर्णयानुसार स्थानीय बोर्ड गठन भई हस्तान्तरण हुन पुग्यो । समयमा नै पदपूर्ति सम्बन्धी कार्य सम्पन्न हुन नसक्दा संस्थानमा समस्या माथी समस्या थपिन पुग्यो । विगत ५-६ वर्ष पहिले देखि पदपूर्ति हुन नसक्नु, स्थायी कर्मचारीहरुको अनिवार्य अवकास, मृत्यु लगायत विविध कारणबाट हरेक वर्ष कर्मचारी घट्दै जानुले संस्थानमा कर्मचारीको अभाव चरम स्थितिमा पुगेको छ । अतः संस्थानको सो विज्ञापनहरुसंग सरोकार एवं चासो राख्ने सबैलाई विज्ञापन पश्चात् भए गरेका कामहरुको बारेमा स्पष्ट पार्ने उद्देश्यले सबै वस्तुस्थितिको विवरण खुलाई तपसिल अनुसार प्रष्ट पारिएको छ ।

## नेपाल खानेपानी संस्थानको रिक्त भएका पदपूर्ति सम्बन्धमा भए गरेका वस्तुस्थितिको विवरण

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।३।२९ को पत्रबाट दिएका निर्देशनहरु :**

१) स्वीकृत दरवन्दी बाहेक कुनैपनि पदमा यो र त्यो बहानामा अस्थायी, ज्यालादारी, करारमा नियुक्ति नगर्ने ।

२) तलब शिर्षक बाहेक प्रणाली मर्मत संहार वा त्यस्तै नामबाट खर्च हुने गरी करार, ज्यालादारी वा अस्थायी कर्मचारी भर्ना नगर्ने ।

३) संस्थानमा मितव्ययिता गर्न, फजुल खर्च घटाउन योग्य र दक्ष जनशक्तिको व्यवस्थापन गर्न, संस्थानमा O & M सर्भे गरी जनशक्तिको प्रक्षेपण गर्ने ।

४) यसरी O & M सर्भे गरी आवश्यक पर्ने जनशक्तिको टुङ्गो नलागेसम्म कुनै पनि पदमा खुल्ला प्रतिस्पर्धाबाट भर्नाको प्रकृया अगाडी नबढाउने ।

५) आन्तरिक र कार्य सम्पादन मूल्याङ्कनबाट बढुवा गर्नका लागि गरिएका विज्ञापनहरुको प्रक्रिया नियमित रुपमा अघि बढाउने ।

**आयोगको निर्देशानुसार भए गरेका काम कारवाही :**

- आयोगको उक्त निर्देशन बमोजिम संचालक समितिको मिति २०६८।३।१५ को निर्णयानुसार स. स. का सदस्यको संयोजकत्वमा दरवन्दी पुनरावलोकन उप समिती गठन भएको ।
- सो उप समितीले O & M गरी दिएको प्रतिवेदन मिति २०६८।५।१५ मा बसेको संचालक समितिको बैठकले स्वीकृत गरेको ।
- स्वीकृत O & M अनुसार पुर्वबत बिज्ञापन भएकोमा पद तथा दरवन्दी फरक पर्न गएको ।
- उप समितीले O & M गरी दिएको प्रतिबेदनमा खुल्ला प्रकृयाबाट पूर्ती गर्न भएका विज्ञापनहरु रद्द हुनु पर्ने सिफारिस भएको र सोही अनुसार नै मिति २०६८।५।१५ को सं स को बैठकको निर्णयबाट खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न गरिएको बाँकी रहेका विज्ञापनहरु रद्द भएको ।

**मिति २०६६।८।२५ को विज्ञापन रद्द भएपछिका काम कारवाही :**

- खुल्ला प्रतिस्पर्धाबाट पूर्ति गर्ने विज्ञापनहरु रद्द गरेको संचालक समितिको निर्णय र आयोगको मिति २०६८।३।२९ को पत्रबाट दिएको निर्देशनको विरुद्ध आयोगलाई समेत विरुद्ध बनाई प्रविण कुमार साहले विज्ञापन नं. २६ मेकानिकल ईन्जिनियरको लिखित परीक्षामा उत्तिर्ण भै अन्तर्वार्ता मात्र बाँकी भएको अवस्थामा विज्ञापन रद्द गरेको निर्णय उपरमा श्री सर्वोच्च अदालतमा रिट दायर गरेकोमा निजको करारको म्याद रहुन्जेल निजलाई नहटाउन र आयोगको मिति २०६८।३।२९ को निर्देशन कार्यान्वयन नगर्नु नगराउनु भनि अन्तरिम आदेश जारी भएको, सो अन्तरिम आदेश हालसम्म कायम रहेको अवस्था देखिन्छ ।
- मिति २०६६।८।२५ को विज्ञापन रद्द भएपछि मिति २०६८।५।२२ मा सीमित प्रतियोगिताको लागि मात्र छुट्टै विज्ञापन गरेको तर विज्ञापन भएपछि पदपूर्ति गर्ने कुनै पनि कार्य अघि बढाएको भने देखिंदैन ।
- विज्ञापन रद्द गर्नुपूर्व मिति २०६८।५।१५ मा पहिलो पटक, मिति २०६८।१२।२८ मा दोस्रो पटक र मिति २०७०।१२।७ को सञ्चालक समितिको निर्णयले दरवन्दी पुनरावलोकन गरेको । यसरी दरवन्दी पुनरावलोकन गर्दा हेटौंडा र भरतपुर शाखा संस्थानको स्वामित्वबाट बोर्डमा हस्तान्तरण भै गएकोले संस्थानको पूर्ववत दरवन्दीहरुमा फरक पर्न गएको ।

**रद्द गरेको विज्ञापनको कारवाही पुनः सक्रिय गरेको र आयोगको निर्देशन :**

- संचालक समितिको मिति २०६८।५।१५ को निर्णयले रद्द गरेका खुल्ला तर्फका विज्ञापनहरु संचालक समितिको २०६९।८।१८ को निर्णयले पुनः सकृय गराई कारवाही अघि बढाई पदपूर्ति गर्ने निर्णय गरेको देखिन्छ । रद्द गरेको विज्ञापन पुनः संचालक समितिको निर्णयले सकृय गराएकोमा आयोगको मिति २०६९।११।२३ को निर्णयले *"आयोगको मिति २०६८।३।२९ को पत्रको बुँदा नं. ४ बमोजिम* O & M Survey *गरी आवश्यक दरवन्दी संचालक समितिको मिति २०६८।५।१५ को निर्णयले*

*स्वीकृत गरेकोमा सो निर्णयलाई संचालक समितिको मिति २०६९।८।१८ को बैठकबाट निष्कृय गराउने निर्णय भएको देखिंदा आयोगको मिति २०६८।३।२९ को निर्देशन र संचालक समितिको मिति २०६८।५।१५ को निर्णय अनुसार गर्नु गराउनु"* भनि आयोगको मिति २०६९।११।२४ को पत्रबाट संस्थानलाई लेखि पठाएको देखिन्छ ।

- आयोगको मिति २०६९।११।२४ को सो पत्र सोही दिन प्राप्त गरी पदपूर्ति समितिको बैठक पनि सोही दिन बसेको देखिन्छ । सो मितिको पदपूर्ति समितिको निर्णयबाट रद्द गरेको खुल्ला तर्फका विज्ञापन मध्ये विज्ञापन नं. २८ र ३० का पदहरुको प्रकृया अगाडी बढाउन ३० दिने सार्वजनिक सूचना प्रकाशित गर्ने भनि निर्णय गरेको र सो निर्णय बमोजिम मिति २०६९।११।२९ मा अन्तर्वार्ताको लागि सूचना प्रकाशित गरेको देखिन्छ ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लेखि पठाएको विभागीय कारवाही :**

- संचालक समितिको २०६८।८।१५ को निर्णयले रद्द गरीसकेको (आयोगको मिति २०७०।२।१३ को पत्रको तेश्रो हरपमा पनि उल्लेख) विज्ञापन मिति २०६९।८।१८ को सञ्चालक समितिको निर्णयले पुनः सकृय गराई पदपूर्ति समितिको मिति २०६९।११।२४ को निर्णयले खुल्लाबाट पूर्ति गर्ने पदहरु मध्ये विज्ञापन नं. २८ र ३० का लिखित परीक्षामा उत्तिर्ण विज्ञापनहरुको उम्मेदवारलाई अन्तर्वार्ताको लागि उपस्थित हुन आउनु भनि मिति २०६९।११।२९ को गोरखापत्रमा सुचना प्रकाशित गरेकोमा आयोगले स्पष्टीकरण सोधेको देखिन्छ ।
- पदपूर्ति समितिका पदाधिकारी र कर्मचारीहरुले आयोगमा स्पष्टिकरण पेश गरिसकेपछि आयोगको मिति २०७०।२।१२ को निर्णय अनुसार मिति २०७०।२।१३ को पत्रबाट *"आयोगबाट मिति २०६९।९।४ को पत्रबाट नेपाल खानेपानी संस्थानको तत्कालिन अध्यक्षलाई आयोग र सर्वोच्च अदालतको आदेशको अवज्ञा गरेको विषयमा अब आइन्दा आफ्नो पदीय जिम्मेवारी कानून बमोजिम मात्र गर्न गराउन ध्यानाकर्षण गराईएको फाइलबाट देखिन्छ । सो को तीन महिना पनि नपुग्दै निजले पदपूर्ति समितिको आमन्त्रित सदस्यको रुपमा रही मिति २०६९।११।२४ मा निर्णयमा सहभागी भएको देखिन्छ । उक्त निर्णय आयोगको मिति २०६८।३।२९ र मिति २०६९।११।२४ को निर्देशन विपरित हुँदा सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समितको सदस्य भई पदपूर्ति समितिको अध्यक्ष, निमित्त महाप्रवन्धक लगायत सो निर्णयमा दस्तखत गर्ने कर्मचारीहरु सो बैठकमा उपस्थित संस्थानको तत्कालिन कानूनी सल्लाहकारलाई प्रचलित ऐन कानून र संस्थानको विनियम बमोजिम विभागीय कारवाहीको लागि सहरी विकास मन्त्रालयमा लेखि पठाउने ।"* भनी उल्लेख भएकोले सहरी विकास मन्त्रालय मार्फत संस्थानमा सो पत्र प्राप्त भएकोले सञ्चालक समितिको मिति २०७०।१०।२६ को निर्देशानुसार विभागीय कारवाही गरिसकेको देखिन्छ ।

**अदालती काम कारवाही :**

- **सर्वोच्च अदालतमा पंकज कुमार दाश, श्याम श्रेष्ठ र दिपेश्वर मण्डल समेतले आफुहरु लिखित परीक्षामा उत्तिर्ण भै अन्तर्वार्ताको लागि प्रतिरक्षा रही रहेको**

**अवस्थामा विज्ञापन रद्द गरेकोले अन्तरिम आदेश भएको थियो । तर सो मुद्दा अ.व. ९२ नं. बमोजिम निजहरुले आफ्नो कुरा सावित गर्न सक्दिन भनी मुद्दा फिर्ता लिईसकेको । सो मुद्दा फिर्ता लिएपछि हाल पुनः २०७१ भाद्रमा दिपेश्वर मण्डलले र २०७१ कार्त्तिकमा पंकज कुमार दासले सोही विज्ञापनको अन्तर्वार्ता गराई पाउँ भन्ने समेत ब्यहोरा उल्लेख गरी अन्तरिम आदेश समेतको माग गरी सर्वोच्च अदालतमा रिट दायर गरेकोमा अन्तरिम आदेश जारी नभई कारण देखाउ आदेश सम्म जारी भएकोमा संस्थानको लिखित जवाफमा मिति २०६८।५।१५ को संचालक समितिले नै मिति २०६६।८।२५ को विज्ञापन रद्द गरी सकेको हुँदा सो विज्ञापन सकृय हुन नसक्ने भनि लिखित जवाफ दर्ता गरेसकेको ।**

- खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने विज्ञापनहरु रद्द गरेको संचालक समितिको निर्णय र आयोगको मिति २०६८।३।२९ को पत्रबाट दिएको निर्देशनको उपर आयोगलाई समेत विरुद्ध बनाई प्रविण कुमार साहले विज्ञापन नं. २६।०६६।०६७ मेकानिकल ईन्जिनियरको लिखित परीक्षामा उत्तिर्ण भै अन्तर्वार्ता मात्र बाँकी भएको अवस्थामा विज्ञापन रद्द गरेकोमा श्री सर्वोच्च अदालतमा रिट दायर गरेकोले निजको करारको म्याद रहुन्जेल निजलाई नहटाउन र आयोगको मिति २०६८।३।२९ को पत्र कार्यान्वयन नगर्नु भनि मिति २०६८।५।२९ मा अन्तरिम आदेश जारी भएको, सो अन्तरिम आदेश हालसम्म कायम रहेको अवस्था देखिन्छ ।

**कार्यान्वयन हुन बाँकी रहेका अन्य विज्ञापनहरु :**

- मिति २०६६।८।२५ को सूचनामा प्रकाशित विज्ञापनहरु मध्ये आन्तरिक प्रतियोगिताबाट पूर्ति गर्ने पदहरुमा शाखा अधिकृतको बढूवा पत्र पाईसकेको र बाँकी रहेका केहीको लिखितको नतिजा प्रकाशित भएको छ भने केहीको लिखित परीक्षा मात्र भएको देखिन्छ ।
- मिति २०६८।५।२२ मा सीमित प्रतियोगितको लगि छुट्टै विज्ञापन प्रकाशित गरी आवेदन आव्हान गरेको देखिन्छ यद्यपी सो मितिको विज्ञापनहरुको पनि कुनै काम कारवाही अघि बढाएको भने देखिएन ।

माथिका प्रकरणहरुमा विश्लेषण गरेको आधारमा मिति २०६६।८।२५ को विज्ञापन मध्ये नियुक्ति दिईसकेको बाहेकका खुल्ला प्रतियोगिताबाट पूर्ति गर्ने विज्ञापनहरु सञ्चालक समितिले रद्द गरेको र पुनः सञ्चालक समितिले सकृय गराउने निर्णय गरी पदपूर्ति समितिले अन्तर्वार्ताको लागि सूचना प्रकाशित गरेकोमा विभागीय कारवाही समेत भएको अवस्था छ ।

क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६८।३।२९ को पत्रको बुँदा नं. ४ मा O & M सर्भे गरी जनशक्तिको टुंगो नलागेसम्म खुल्ला प्रतिष्पर्धाबाट भर्नाको प्रकृया अघि नबढाउने भन्ने निर्देशन दिएको ।

ख)	संचालक समितिको मिति २०६८।३।१५ को निर्णयानुसार गठित दरवन्दी पुनरावलोकन उपसमितिले दिएको प्रतिवेदन बमोजिम मिति २०६८।५।१५ को संचालक समितिबाट पदपूर्ति गर्ने खुल्ला विज्ञापन रद्द गर्ने निर्णय गरेको ।

ग)	मिति २०६८।५।१७ मा विज्ञापन रद्द गरेको सूचना गोरखापत्रमा प्रकाशित भएको ।

घ)	रद्द गरेको विज्ञापन संचालक समितिको मिति २०६९।८।१८ को निर्णयले पुनः सक्रिय गरेको ।

ङ)	रद्द गरेको विज्ञापन पुनः सक्रिय गरेकोमा सञ्चालक समितिको मिति २०६८।५।१५ को निर्णयानुसार गर्नु गराउनु भनि मिति २०६९।११।२४ को पत्रद्वारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखि आएको ।

च)	रद्द गरीसकेको विज्ञापनहरुको कार्यअघि नबढाउन आयोगबाट लेखि आउँदा आउँदै पनि पदपूर्ति समितिको मिति २०६९।११।२४ को निर्णयबाट रद्द गरेका विज्ञापन मध्ये विज्ञापन नं. २८ र ३० को पदहरुको प्रकृया अगाडी बढाउने भनि निर्णय गरेको र सो निर्णय बमोजिमको सूचना मिति २०६९।११।२९ को गोरखापत्रमा प्रकाशित गरी अन्तर्वार्ताको लागि आव्हान गरेको ।

छ)	रद्द गरेको विज्ञापन पुनः सक्रिय गरेकोमा पदपूर्ति समितिका पदाधिकारी र कर्मचारीहरुलाई प्रारम्भमा आयोगबाटै स्पष्टीकरण सोधेको ।

ज)	रद्द गरी सकेको विज्ञापन पुनः सक्रिय गराएकोमा मिति २०६९।११।२४ को पदपूर्ति समितिमा उपस्थित हुने सबै पदाधिकारी र कर्मचारीलाई विभागीय कारवाही गरी जानकारी दिनु भनि मिति २०७०।२।१३ को पत्रबाट सहरी विकास मन्त्रालयलाई आयोगले र सो मन्त्रालय मार्फत संस्थानलाई लेखि पठाएको ।

झ)	आयोग र मन्त्रालयको पत्र बमोजिम सञ्चालक समितिको मिति २०७०।१०।२६ को निर्णयले पदपूर्ति समितिको बैठकमा उपस्थित हुने र संस्थानमा कार्यरतलाई विभागीय कारवाही गरीसकेको ।

ञ)	अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा दिएको निर्देशन, विभागीय कारवाही गर्न लेखि आएको पत्रहरु कार्यान्वयन भैसकेको ।

ट)	मिति २०६८।३।२८ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र र विज्ञापन नं. २६।०६६।०६७ को विज्ञापन रद्द गरेको सम्बन्धमा सो निर्णय कार्यान्वयन अन्तर्गत मिति २०६८।५।२९ मा श्री सर्वोच्च अदालतको अन्तरिम आदेश भएको हुँदा र सो आदेश हालसम्म कायम रही सर्वोच्च अदालतमा विचाराधिनमा रहेको ।

ठ)	संचालक समितिको मिति २०६८।३।१५ को निर्णयले मिति २०६६।८।२५ मा भएको विज्ञापन मध्ये खुल्ला प्रतियोगिताबाट पूर्ति हुने पदको विज्ञापन रद्द गरेपछि सिद्धान्ततः उत्तर पुस्तिकाको गोप्यता रहन नसक्ने, अर्न्तवार्ता भएका पदहरुको अर्न्तवार्तामा प्रदान गरेको अंक गोप्य रहन

नसक्ने साथै लिखित परीक्षाको नतिजा प्रकाशन भएका पदहरुको. लिखित परीक्षामा प्राप्त अंक गोप्य रहन नसक्ने अवस्था ।

ङ) नेपाल खानेपानी संस्थानको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली (दशौं संशोधन सहित) २०४९ को परिच्छेद २ को विनियम ५ मा संस्थानको लागि आवश्यक दरवन्दीहरु संचालक समितिले स्वीकृत गरे बमोजिम हुने विनियमावलीको प्रावधान रहेको । २०६६ साल पछि हेटौंडा तथा भरतपुर शाखाको क्षेत्रहरु खानेपानी संस्थानको संरचना तथा दायित्व खानेपानी व्यवस्थापन बोर्डमा स्थानान्तरण भएको । आर्थिक वर्ष ०६६।०६७ पछि संस्थानले आवश्यक पर्ने दरवन्दीको तीन पटक O & M (Organization Management) अर्थात मिति २०६८।५।१५, मिति २०६८।१२।२८ तथा मिति २०७०।१२।७ मा पुनरावलोकन गरी संस्थानलाई चाहिने र आवश्यक पर्ने जनशक्ति मात्र समेट्ने गरी दरवन्दी कायम गरीसकेको अवस्था छ ।